# त्रिभुवन विश्वविद्यालय

# अनुसन्धान निर्देशनालय सम्बन्धी विनियम, २०७८

त्रिभुवन विश्वविद्यालय

**पारित मिति** : २०७८/२/२४

(त्रि.वि. कार्यकारी परिषद्को बैठकको निर्णय नं. ८४६)

**संशोधन**

त्रि.वि. कार्यकारी परिषद्को मिति २०७९/५/३० को बैठकको निर्णय नं. १६१५

त्रि.वि. कार्यकारी परिषद्को मिति २०७९/६/९ को बैठकको निर्णय नं. १६३३

**त्रि.वि. सभा तथा कार्यकारी परिषदको सचिवालय**

**२०८०**

# त्रिभुवन विश्वविद्यालय
# अनुसन्धान निर्देशनालय सम्बन्धी विनियम, २०७८

**प्रस्तावनाः**

त्रि.वि. संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम २०५० को नियम १३३ (२) र ३९७ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्ले शिक्षाध्यक्ष अन्तर्गतको अनुसन्धान निर्देशनालय सञ्चालन सम्बन्धी विनियम बनाई लागू गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिकः

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस विनियमको नाम "अनुसन्धान निर्देशनालय ( Research Directorate) सम्बन्धी विनियम २०७८" रहेको छ ।

(२) यो विनियम तुरून्त लागू हुनेछ ।

२ **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियममाः

(क) "ऐन" भन्नाले त्रिभुवन विश्वविद्यालय ऐन २०४९ सम्झनु पर्छ ।

(ख) "नियम" भन्नाले त्रिभुवन विश्वविद्यालयका प्रचलित नियमहरू सम्झनु पर्छ ।

(ग) "विश्वविद्यालय" भन्नाले त्रिभुवन विश्वविद्यालय सम्झनु पर्छ ।

(घ) "निर्देशनालय" भन्नाले त्रिभुवन विश्वविद्यालय अनुसन्धान निर्देशनालयलाई सम्झनु पर्छ ।

(ङ) "निर्देशक" भन्नाले त्रिभुवन विश्वविद्यालय अनुसन्धान निर्देशनालयको निर्देशकलाई सम्झनु पर्छ ।

(च) "शिक्षक तथा कर्मचारी" भन्नाले विश्वविद्यालय स्थायी शिक्षक तथा कर्मचारी सम्झनु पर्छ ।

(छ) "नियम" भन्नाले त्रिभुवन विश्वविद्यालयका नियमहरु २०५० सम्झनु पर्छ ।

(ज) "अनुसन्धान परियोजनाकार" भन्नाले अनुसन्धान निर्देशनालयबाट करारनामा अन्तर्गत अनुसन्धान परियोजना प्राप्त गरेको संघ, संस्था, निकाय र व्यक्तिसमेत सम्झनु पर्छ ।

(झ) 'विनियम' भन्नाले त्रि.वि. अनुसन्धान निर्देशनालय सम्बन्धी विनियम २०७८ सम्झनु पर्दछ ।

(ञ) ऐन र नियममा प्रयुक्त शब्द र वाक्यांशहरू यस विनियममा प्रयुक्त भएकोमा प्रसंगवश अर्को अर्थ नलागेमा ती शब्द र वाक्यांशहरूको व्याख्या ऐन र नियम अनुरूप गरिनेछ ।

## परिच्छेद २
## अनुसन्धान समन्वय तथा विकास परिषदको कार्य समिति र सचिवालयको व्यवस्था

३ **अनुसन्धान समन्वय तथा विकास परिषद्को कार्य समितिको व्यवस्था :** (१) त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५० को परिच्छेद ८ मा व्यवस्था भएको अनुसन्धान समन्वय तथा विकास परिषद् (यसपछि परिषद भनिएको) को नियमित कार्य सञ्चालनार्थ एक कार्य समितिको व्यवस्था हुनेछ जसको गठन देहाय बमोजिम हुनेछः

(क) शिक्षाध्यक्ष — अध्यक्ष

(ख) परिषदका सदस्यहरुमध्येबाट मनोनित ३ जना — सदस्य

(ग) अनुसन्धान निर्देशनालयका निर्देशक — सदस्य सचिव

४. विनियम ३ (ख) मा उल्लेखित सदस्यहरुको मनोनयन शिक्षाध्यक्षको सिफरिसमा उपकुलपतिबाट हुनेछ । मनोनित सदस्यहरुको पदावधि ३ वर्षको हुनेछ र निज पुनः एकपटकसम्म मनोनित हुन सक्नेछ ।

५. अनुसन्धान समन्वय तथा विकास परिषद्को कार्य समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) अनुसन्धान समन्वय तथा विकास परिषद्को पूर्ण वैठक नियमित बस्न नसक्ने अवस्थामा अनुसन्धान समन्वय तथा विकास परिषद्ले गर्ने भनी नियम, विनियम, कार्य व्यवस्थापन प्रणाली तथा कार्यविधि/निर्देशिकाहरुमा तोकिएका कार्यहरु गर्नु, गराउनु

(ख) अनुसन्धान समन्वय तथा विकास परिषद्को कार्य समितिले गरेका कामहरु, निर्णयहरु तथा अन्य सम्बन्धित विषय वस्तुहरुको विवरण एवं प्रतिवेदनको जानकारी र अनुमोदनका लागि लगत्तै वस्ने अनुसन्धान समन्वय तथा विकास परिषद्को पूर्ण वैठकमा प्रस्तुत गर्नु पर्नेछ ।

**६ कार्य समितिको बैठक :**

(क) समितिको बैठक अध्यक्षको पूर्व स्वीकृति लिई सदस्य-सचिवले बोलाउने छ । बैठक बस्ने सूचना गर्दा बैठक बस्ने मिति, समय र स्थान सम्बन्धी जानकारी र बैठकमा पेश गरिने प्रस्ताव सदस्यहरुलाई उपलब्ध गराउनेछ ।

(ख) समितिको बैठक बस्नका लागि गणपुरक संख्या कुल सङ्ख्याको कम्तिमा पचास प्रतिशत आवश्यक हुनेछ ।

(ग) समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ । आमन्त्रित सदस्यले आफ्नो राय व्यक्त गर्न सक्नेछ तर मत दिन पाउने छैनन् ।

(घ) समितिको बैठकमा उपस्थित अध्यक्ष, सदस्य, सदस्य-सचिव तथा आमन्त्रित व्यक्तिहरुलाई नियमानुसारको बैठक भत्ता उपलब्ध गराइनेछ ।

७. **सचिवालयको व्यवस्थाः** अनुसन्धान समन्वय तथा विकास परिषद्को सचिवालयका रुपमा काम गर्न शिक्षाध्यक्ष अन्तर्गतको अनुसन्धान निर्देशनालयलाई तोकिएको छ ।

## परिच्छेद ३

## अनुसन्धान निर्देशनालयको गठन, काम, कर्तव्य र अधिकार

८ **अनुसन्धान निर्देशनालयको गठन :** त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५० को परिच्छेद ८ मा व्यवस्था भएको अनुसन्धान समन्वय तथा विकास परिषद्को सचिवालयको समेत काम गर्ने गरी शिक्षाध्यक्ष अन्तर्गत अनुसन्धान निर्देशनालय रहनेछ ।

**९ अनुसन्धान निर्देशनालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(१) अनुसन्धान समन्वय तथा विकास परिषद्को सचिवालयको काम गर्ने ।

(२) विश्वविद्यालयमा संचालिन अनुसन्धान कार्यक्रमको अनुगमन, समन्वय लगायतका कार्य गर्ने ।

(३) विश्वविद्यालयसँग सम्बद्धता कायम राखी नेपालमा अनुसन्धान परियोजना सञ्चालन गर्न चाहने विदेशी संघ संस्था वा व्यक्तिलाई अनुसन्धान परियोजना सञ्चालन गर्न स्वीकृति दिने र त्यस्ता निकाय लगायत व्यक्तिहरुको कार्यक्रम तथा कार्यहरु बारेमा अनुगमन गर्ने ।

(४) नेपालमा संचालन भएका अनुसन्धान कार्यहरुको जानकारी सङ्कलन गरी त्यस वारेको सूचना फैलावट गर्ने ।

(५) त्रिभुवन विश्वविद्यालय जर्नल (Tribhuvan University Journal), अनुसन्धान निर्देशिका, अनुसन्धान समाचार, अनुसन्धान प्रतिवेदन, समसमायिक कार्य आदि प्रकाशन गर्ने र त्यसलाई Online गर्ने गराउने व्यवस्था गर्ने ।

(६) उच्च शिक्षामा संलग्न शिक्षक र अन्य सम्बन्धित व्यक्तिहरुको लागि अनुसन्धान प्रविधि र अनुसन्धानका विविध पक्षहरुसम्बन्धी गोष्ठी, तालिम, कार्यशाला आदिको व्यवस्था गर्ने, गराउने ।

(७) त्रि.वि.का शिक्षक कर्मचारीहरुबाट नियमित रुपमा लघु अनुसन्धान परियोजना सञ्चालन गराउने ।

(८) विभिन्न प्राज्ञिक र अनुसन्धानात्मक कार्यमा संलग्न रहने विश्वविद्यालयका विभिन्न निकायहरु बीच तथा अन्तर्राष्ट्रिय संस्थाहरु र अनुसन्धानकर्ताहरु वीच प्राज्ञिक एवं अनुसन्धानात्मक सम्बन्ध र अन्तरक्रियाको विकास गराउन पारस्परिक भ्रमण गर्ने तथा आवश्यक व्यवस्था मिलाउने,

(९) विश्वविद्यालयको आन्तरिक श्रोत वा बाह्य स्रोतबाट प्राप्त हुन आएका अनुसन्धान परियोजनाहरु सञ्चालन गर्ने, गराउने ।

(१०) विश्वविद्यालयका विभिन्न निकायहरुबाट प्रकाशित हुने सम्पूर्ण पत्रिका/जर्नल र अन्य प्रकाशनहरुको पन्जिकरण तथा वर्गीकरण गर्ने, गराउने ।

(११) विश्वविद्यालयको विघटित राष्ट्रिय विकास सेवा निर्देशनालयको बक्यौता काम सम्पन्न गर्ने, गराउने ।

(१२) परिषद्, शिक्षाध्यक्ष तथा नियम, विनियम र अन्य व्यवस्थापन प्रणालीबाट तोकिएका तर यस विनियम भित्र नपरेका अन्य कामहरु सम्पादन गर्ने, गराउने ।

(१३) त्रिभूवन विश्वविद्यालय अनुसन्धान कोष (Research Endoment Fund) अन्तर्गतका वा अन्य सह–कार्यात्मक (Collaborative Research Grant) परियोजना तथा शोध प्रवन्ध अनुसन्धान परियोजना (Thesis/Dissertation Grant) लगायतका विश्वविद्यालयले सञ्चालन गर्ने सबै प्रकारका अनुसन्धान परियोजनाहरुको संचालन, रेखदेख र अनुगमन गर्ने, गराउने

(१४) नेपाल सरकारको विभिन्न मन्त्रालय, विभाग तथा अनुसन्धान परिषदहरु संग त्रि.वि.को तर्फवाट अनुसन्धान सम्बन्धी परियोजना सम्झदारी (MOU) गर्ने

(१५) अनुसन्धानको क्षेत्रमा नयाँ ज्ञान, सीप तथा अन्तराष्ट्रिय संघ संस्थाहरु संगको पारस्परिक अनुसन्धान कार्यकोलागि त्रि.वि.द्वारा गठित अनुसन्धान विज्ञ समूहहरुलाई सचालन गर्ने ।

(१६) सम्बन्धित विज्ञहरुद्वारा सिफारिश गरिएका र त्रि.वि. कार्यकारी परिषदले स्वीकृत गरिएका अनुसन्धान आचरण सम्बन्धी कार्यविधिलाई विश्वविद्यालय देखि क्याम्पस, विभाग, कार्यालय तथा संकायहरु सम्म कार्यान्वयन गर्ने र गराउने

(१७) त्रिभूवन विश्वविद्यालयले पारित गरेका त्रि.वि. अनुसन्धन नीति (TU Research Policy) परिपालन गर्ने /गराउने

## परिच्छेद ४

## अनुसन्धान निर्देशनालयमा निर्देशकको व्यवस्था

**११. निर्देशक** : (१) अनुसन्धान निर्देशनालयको प्रमुखको रुपमा पूर्णकालीन रुपमा काम गर्न एक निर्देशक रहनेछ ।

(२) निर्देशकको नियुक्ति विद्यावारिधि प्राप्त प्राध्यापक वा सहप्राध्यापकहरु मध्येबाट शिक्षाध्यक्षको सिफारिसमा उपकुलपतिबाट हुनेछ ।

(३) निर्देशकको पदावधी चार बर्षको हुनेछ । तर निर्देशकले आफ्नो कर्तव्यको पालना नगरेको पाइएमा शिक्षाध्यक्षको सिफारिसमा कार्यकारी परिषदले जुनसुकै वखत निजलाई हटाउन सक्नेछ ।

(४) निर्देशक परिषदको सचिवसमेत हुनेछ र निजलाई परिषदको सदस्यसरह बैठक भत्ता तथा अन्य सुविधा दिइनेछ ।

(५) निर्देशक त्रि.वि.अनुसन्धान तथा विकास परिषद र शिक्षाध्यक्षप्रति उत्तरदायी हुनेछ ।

**१२. पद रिक्त भएको मानिने अवस्थाः** देहायको अवस्थामा निर्देशकको पद रिक्त भएको मानिनेछः

(क) कार्यकारी परिषदले निजलाई पदमुक्त गरेमा, वा

(ख) शिक्षाध्यक्षसमक्ष निजले पेश गरेको राजिनामा स्वीकृत भएमा, वा

(ग) निजको पदावधि पुरा भएमा, वा

(घ) निज त्रि.वि. सेवामा नरहेमा, वा

(ङ) निजको मृत्यु भएमा, वा

(च) बहुलाएको वा मानसिक असन्तुलन भएको भनी आधिकारिक रुपमा प्रमाणित भएमा, वा

(छ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतले कसुरदार ठहराई कैदको सजाय दिएमा

**१३. भत्ता र अन्य सुविधाहरुः** निर्देशकले आफ्नो साविक पदको खाइपाइ आएको तलबका अतिरिक्त विश्वविद्यालयका अन्य निर्देशकले पाए सरह मासिक भत्ता, विदा तथा अन्य सुविधाहरु प्राप्त गर्ने छ । कार्यकारी परिषदले आवश्यक ठानेमा अन्य सुविधाहरु थप गर्न सक्नेछ ।

**१४. विदाः** निर्देशकले आफ्नो कार्यकालमा समयसमयमा शिक्षाध्यक्षबाट स्वीकृति भए अनुसार वर्षको दुई महिनाका दरले बढीमा ८ महिनाको पूरा तलवी बिदा पाउन सक्नेछ । निर्देशकको पदावधिमा निजले उपयोग गरी बाँकी रहेको विदाको हकमा तपसील बमोजिम हुनेछः

(क) निजले निर्देशक पदबाट अवकास प्राप्त गर्नु अघि शिक्षाध्यक्षबाट स्वीकृति लिई बढीमा दुई महिनासम्मको पूर्व अवकास विदा लिन सक्ने छ ।

(ख) निर्देशकको पदावधिमा निजले उपभोग गरी बाँकी रहेको विदाको हकमा निजलाई सो अवधिको अतिरिक्त तलब दिइने छ । तर यो अतिरिक्त तलब ६ महिनाभन्दा बढी हुने छैन ।

(ग) कुनै कारणवस निर्देशकले आफ्नो पदावधि पुरा गर्न नपाएमा काम गरेको अवधिको अनुपातमा हुनेछ ।

१५. **निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

(१) अनुसन्धान समन्वय तथा विकास परिषद्को निर्देशन र बैठकका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने ।

(२) यस विनियममा अनुसन्धान निर्देशनालयले गर्ने भनी तोकिएका कार्यहरु गर्ने गराउने ।

(३) आफ्ना मातहतका शिक्षक/कर्मचारीहरुको अध्ययन बिदा र असाधारण बिदा बाहेक अन्य बिदा स्वीकृत गर्ने ।

(४) आफ्ना मातहतका शिक्षक/कर्मचारीहरुको कार्य विभाजन तयार गरी सो बमोजिम कार्य गराउने ।

(५) आफ्नो निर्देशनालय अन्तर्गतका शिक्षक/कर्मचारीहरुलाई अतिरिक्त समय काममा लगाउनुपर्ने भएमा नियम अनुसार अतिरक्ति परिश्रमिक पाउने गरी काममा लगाउने

(६) विश्वविद्यालय ऐन, नियम तथा अनुसन्धान निर्देशनालय सम्बन्धी विनियम अनुसार कार्य गर्ने वा गराउने ।

(७) राष्ट्रिय प्राथमिकता प्राप्त परियोजनाहरु सञ्चालन, लघु अनुसन्धान परियोजना सञ्चालन, अनुसन्धान कोष परियोजना सञ्चालन, तालिम, गोष्ठी सञ्चालन, TU Jounal प्रकाशन, विशेष जर्नल प्रकाशन जस्ता लेखा सम्बन्धी कार्यहरु सञ्चालन गर्न अनुसन्धान निर्देशनालयमा एक छुटै कोषको व्यवस्था हुने छ ।

(८) निर्देशकले अनुसन्धान निर्देशनालयका हकमा त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा संचयकोष सम्बन्धी नियम, २०५० र शिक्षक कर्मचारी सेवासम्बन्धी नियम, २०५० समेतबाट संगठन वा निकाय प्रमुखलाई प्राप्त अधिकार प्रयोग गर्न पाउने छ ।

(९) निर्देशकले आफ्नो अनुपस्थितिमा निर्देशनालयमा भएका वरिष्ठ शिक्षकलाई निमित्त भई काम गर्न तोक्न सक्नेछ । सो को जानकारी शिक्षाध्यक्ष एवं केन्द्रीय कार्यालयलाई दिनु पर्नेछ ।

## परिच्छेद ५

## लघु अनुसन्धान परियोजना सञ्चालन सम्बन्धी व्यवस्था

### १६ लघु अनुसन्धान परियोजना सञ्चालन गर्न परियोजनाकारको आवश्यक योग्यता

(क) त्रि. वि. का पूर्णकालीन (करार, अस्थायी वा स्थायी) शिक्षक तथा कम्तिमा स्नातकोत्तर तह द्वितीय श्रेणीमा उत्तीर्ण विश्वविद्यालयका अधिकृत स्तरका स्थायी कर्मचारी लघु अनुसन्धान कार्यका लागि आवेदन दिन योग्य हुनेछन् ।

(ख) लघु अनुसन्धानको लागि आवेदन दिने बेलामा अध्ययन, स्वाध्ययन वा वेतलवी विदामा बसेका वा विश्वविद्यालय बाहिर वेतलवी काजमा गएका शिक्षक कर्मचारीहरु लघु अनुसन्धान कार्यका लागि आवेदन दिन योग्य हुने छैनन् ।

(ग)[1] त्रिभुवन विश्वविद्यालयको कुनै पनि सावधिक पदमा पुरा समय काम गर्ने गरी नियुक्त पदाधिकारी लघु अनुसन्धान कार्यका लागि आवेदन दिन योग्य हुने छैनन् । सावधिक पद भन्नाले लघु अनुसन्धान परियोजनाको सन्दर्भमा उपकुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार र डीन बुझाउने छ ।

(घ)[2] त्रि.वि. अनुसन्धान समन्वय तथा विकास परिषद्को कार्य समितिका सदस्य लघु अनुसन्धान परियोजनाका लागि आवेदन दिन योग्य हुने छैनन् ।

### १७ अनुसन्धान प्रस्ताव आव्हान र स्वीकृत गर्ने व्यवस्था

(क) अन्यथा व्यवस्था भएमा बाहेक हरेक वर्षको असारमसान्त सम्ममा अनुसन्धान निर्देशनालयमा आइपुग्ने गरी अनुसन्धान निर्देशनालयले लघु अनुसन्धान प्रस्ताव आव्हान गर्नेछ ।

---

[1] त्रि.वि. कार्यकारी परिषद्को मिति २०७९/५/३० को बैठकबाट संशोधन

[2] त्रि.वि. कार्यकारी परिषद्को मिति २०७९/५/३० को बैठकबाट संशोधन

(ख) प्राप्त भएका अनुसन्धान प्रस्तावहरुलाई विशेषज्ञहरुद्वारा मूल्याङ्कन गराइनेछ ।

(ग)[३] स्वीकृत भएका अनुसन्धान प्रस्तावका प्रस्तोताले तोकिएको समयमा प्रस्तावको मौखिक प्रस्तुतीकरण गर्नुपर्नेछ ।

(घ) स्वीकृत अनुसन्धान प्रस्तावका प्रस्तोताले तोकिएको समयभित्र अनुसन्धान निर्देशनालयमा सम्पर्क राख्न नआएमा निजलाई अनुसन्धान कार्य सञ्चालन गर्न दिएको स्वीकृति रद्द गरी वैकल्पिक रुपमा रहेका अन्य अनुसन्धान प्रस्तावका प्रस्तोताहरुलाई अनुसन्धान कार्य सञ्चालन गर्न स्वीकृत प्रदान गर्न सकिनेछ ।

(ङ)[४] यो अनुसन्धान परियोजनाको अवधि १ बर्षको हुनेछ ।

(च)[५] यो अनुसन्धानलाई अंग्रेजीमा Small Research भनिनेछ ।

## १८ अनुसन्धान प्रतिवेदन बुझाउने व्यवस्था

(क) अनुसन्धान परियोजना सम्पन्न गरी तोकिएको समयभित्र अनुसन्धान निर्देशनालयमा अन्तिम प्रतिवेदन बुझाइ सक्नुपर्नेछ ।

(ख) माथि १८(क) मा जे लेखिएको भएतापनि तोकिएको समयभित्र अन्तिम प्रतिवेदन प्रतिवेदन पेश गर्न नसक्नुको कारण जनाई अनुसन्धान परियोजनाकारले समय थप गर्न निवेदन दिन आएमा अनुसन्धान निर्देशनालयका निर्देशकले उपयुक्त लागेमा एक पटक वा पटक पटक गरी बढीमा छ महिनासम्मको लागि मात्र समय थप गर्न सक्नेछ । तर यसरी समय थप गरिएको कारणले चालु आर्थिक वर्ष व्यतित भई बजेट खारिज (Lapse) भएमा अनुसन्धान परियोजनाकारलाई दिन बाँकी रकम उपलब्ध गराउन अनुसन्धान निर्देशनालय बाध्य हुने छैन ।

(ग) माथि १८ (ख) मा व्यवस्था भए अनुसार म्याद थप गरिएको समय भित्र पनि कुनै भवितव्यको कारणले वा अन्य कुनै जायज कारणले अनुसन्धान परियोजनाकार आफ्नो अनुसन्धान परियोजना सम्पन्न गर्न नसकी समय थप गर्न निवेदन दिन आएमा शिक्षाध्यक्षले उक्त अनुसन्धान परियोजनाका सम्बन्धमा बाँकी रकम भुक्तानी गर्ने गरी वा नगर्ने गरी एक पटकको लागि मात्र बढीमा छ महिनासम्मको लागि समय बढाउने वा उक्त अनुसन्धान परियोजना रद्द गरी अनुसन्धान परियोजनाकारलाई प्रदान गरिएको रकम फिर्ता गर्ने आदि सम्बन्धमा निर्णय गर्न सक्नेछ ।

(घ) अन्तिम पटक थप गरिएको समयभित्र पनि अनुसन्धान प्रतिवेदन पेश हुन नसकेको खण्डमा लिएको रकममा लिएको दिनदेखि नै बार्षिक २० प्रतिशत हर्जाना समेत थप गरी अनुसन्धान परियोजनाकारले अनुसन्धान निर्देशनालयमा बुझाउनु पर्नेछ ।

(ङ) अनुसन्धान निर्देशनालयमा प्राप्त भएका अनुसन्धान प्रतिवेदनहरु साधारणतः विश्वविद्यालयको केन्द्रीय पुस्तकालय तथा अन्य सम्बन्धित निकायमा पठाइनेछ ।

(च) अनुसन्धान निर्देशनालयमा प्राप्त अनुसन्धान प्रतिवेदन विश्वविद्यालयको सम्पत्ति हुनेछ र विश्वविद्यालयकको पूर्व स्वीकृति वेगर यसलाई पूरा वा आंशिक तथा अन्य कुनैपनि प्रकारले प्रकाशित गर्न पाइने छैन ।

(छ) अनुसन्धान प्रतिवेदन प्राप्त भएपछि मूल्याङ्कन गराउन विशेषज्ञ समक्ष पठाइने छ र विशेषज्ञद्वारा प्रतिवेदनमा थपघट गर्नुपर्ने वा सामान्य संशोधन गर्नु पर्ने वा पूरै प्रतिवेदन पुनः लेखन गर्नुपर्ने भन्ने भएमा अनुसन्धान परियोजनाकारले सोही अनुसार कार्य सम्पन्न गरेपछि मात्र निजलाई अन्तिम किस्ताको रकम निकासा दिइनेछ । अनुसन्धान प्रतिवेदन परिमार्जन कार्य सम्पन्न नगरुन्जेल निजलाई

---

[३] त्रि.वि. कार्यकारी परिषद्को मिति २०७९/५/३० को बैठकबाट संशोधन

[४] त्रि.वि. कार्यकारी परिषद्को मिति २०७९/५/३० को बैठकबाट थप

[५] त्रि.वि. कार्यकारी परिषद्को मिति २०७९/५/३० को बैठकबाट थप

विश्वविद्यालयको कुनै पनि निकायबाट अर्को अनुसन्धान परियोजना तथा अनुसन्धान सम्बन्धी अन्य कुनै कार्य दिइने छैन ।

(ज)[६] लघु अनुसन्धान प्रतिवेदनको Plagiarism test अनिवार्य रुपमा (त्रि.वि अन्तर्गत तोकिएको संस्थाबाट) गराउनु पर्नेछ ।

(झ)[७] लघु अनुसन्धान परियोजना प्राप्त गर्ने अनुसन्धानकर्ताले कम्तिमा १ वटा अनुसन्धानात्मक लेख रचना प्रकाशित गर्नुपर्नेछ । उक्त लेख रचना SCImago/Impact Factor Journal मा प्रकाशित गर्न प्राथमिकता दिनुपर्नेछ । SCI mago/Impact factor Journal मा प्रकाशन नभएमा सो लेख रचना प्रकाशित गर्दा UGC, Nepal वा त्रि.वि. सेवा आयोगले सूचीकृत गरेको Peer- reviewed जर्नलमा प्रकाशन गर्नुपर्नेछ ।

**१९ लघु अनुसन्धान परियोजना सञ्चालनमा दिइने रकमको व्यवस्थाः**

(क)[८] स्वीकृत अनुसन्धान परियोजनको कार्य सञ्चालन गर्न पहिलो किस्तामा स्वीकृत लागतको ४० प्रतिशत रकम सम्बन्धित अनुसन्धान परियोजनकारसँग करारनामा गरेपछि पेश्की स्वरुप प्रदान गरिनेछ ।

(ख)[९] मस्यौदा अनुसन्धान प्रतिवेदन प्राप्त भएपछि स्वीकृत लागत मध्येबाट दोस्रो किस्ता स्वरुप ३० प्रतिशत रकम प्रदान गरिनेछ ।

(ग)[१०] पेश गरिएको अनुसन्धान प्रतिवेदन मूल्याङ्कन भई विशेषज्ञको सिफारिस अनुसार परिमार्जन गरेपछि तथा मौखिक प्रस्तुतीकरण (Live presentation) मा प्राप्त सुझाव अनुसार परिमार्जन गरी लघु अनुसन्धान प्राप्त गर्ने परियोजनाकारले कम्तीमा १ वटा अनुसन्धनात्मक लेख रचना प्रकाशित गरेपछि वा प्रकाशनको लागि सम्बन्धित जर्नलको लेख रचना प्रकाशन स्वीकृत लिएको पत्र बुझाएपछि तेस्रो तथा अन्तिम किस्ता वापत स्वीकृत लागतको ३० प्रतिशत रकम भुक्तानी दिइनेछ ।

(घ) तोकिएको समयभित्र अनुसन्धान प्रतिवेदन पेश नगरेको खण्डमा भने अनुसन्धान परियोजनाकारले प्राप्त गरेको रकममा प्राप्त गरेको मितिदेखि वार्षिक २० प्रतिशत हर्जाना थप गरी असुल उपर गरिनेछ ।

(ङ) माथि जे लेखिएको भए तापनि अनुसन्धान परियोजनाकारको कावू बाहिरको कारणले अनुसन्धान परियोजना कार्य सम्पन्न गर्न असमर्थ भई सामान्यतः करारनामा अनुसारको परियोजना सम्पन्न भइसक्नु पर्ने समयभन्दा एक महिना पहिले नै लिएको रकम फिर्ता गर्न आएमा अनुसन्धान परियोजनाकारबाट अनुसन्धान बापत लिएको पेश्की रकम भन्दा बढी रकम असुल गरिने छैन ।

(च)[११] लघु अनुसन्धानको रकम रु. २,००,०००।– देखि रु. ३,००,०००।– सम्मको हुनेछ ।

**२० पारिश्रमिकको व्यवस्था**

(क)[१२] लघु अनुसन्धानको प्रस्ताव मूल्याङ्कन गर्ने प्रत्येक विशेषज्ञलाई प्रति प्रस्ताव रु. १,७२५ ।- का दरले पारिश्रमिक दिइनेछ ।

---

[६] त्रि.वि. कार्यकारी परिषद्को मिति २०७९/५/३० को बैठकबाट थप

[७] त्रि.वि. कार्यकारी परिषद्को मिति २०७९/५/३० को बैठकबाट थप

[८] त्रि.वि. कार्यकारी परिषद्को मिति २०७९/५/३० को बैठकबाट संशोधन

[९] त्रि.वि. कार्यकारी परिषद्को मिति २०७९/५/३० को बैठकबाट संशोधन

[१०] त्रि.वि. कार्यकारी परिषद्को मिति २०७९/५/३० को बैठकबाट संशोधन

[११] त्रि.वि. कार्यकारी परिषद्को मिति २०७९/५/३० को बैठकबाट संशोधन

[१२] त्रि.वि. कार्यकारी परिषद्को मिति २०७९/५/३० को बैठकबाट संशोधन

(ख)[१३] लघु अनुसन्धान प्रतिवेदन मूल्याङ्कन गर्ने प्रत्येक विशेषज्ञलाई प्रति प्रतिवेदन रु. २,८७५।- का दरले पारिश्रमिक दिइनेछ ।

(ग)[१४] लघु अनुसन्धान प्रतिवेदन मूल्याङ्कन गर्न मौखिक प्रस्तुतिकरण (Live Presentation) मा सहभागी भई मूल्याङ्कन गरेवापत विशेषज्ञलाई रु १,१७७– का दरले पारिश्रमिक दिइनेछ ।

## परिच्छेद ६

## अनुसन्धान कोषअन्तर्गत वा अन्य सहकार्यात्मक अनुसन्धान परियोजना सञ्चालन सम्बन्धी व्यवस्था

**२१.** अनुसन्धान कोष (Research Endowment Fund) अन्तर्गतका परियोजनाहरु वा अन्य सहकार्यात्मक ( Collaborative ) अनुसन्धान परियोजनहरु सञ्चालन कार्यविधि कार्यकारीवाट स्वीकृत भए वमोजिम हुनेछ ।

**२२** अनुसन्धान कोष (Research Endowment Fund) अन्तर्गतका परियोजनाहरु वा अन्य सकार्यात्मक ( Collaborative) अनुसन्धान परियोजनहरु सञ्चालनमा गरिने सञ्चालन खर्च देहाय बमोजिम हुनेछः

(क)[१५] सबै खाले सहकार्यात्मक अनुसन्धान परियोजनाको प्रस्ताव मूल्याङ्कन गर्ने प्रत्येक विशेषज्ञलाई प्रति अनुसन्धान प्रस्ताव रु. ३,५३०।- पारिश्रमिक उपलब्ध गराइनेछ । तर त्रि.वि. द्वारा राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा गरिने अनुसन्धान परियोजना सञ्चालन सम्बन्धी कार्यविधि २०७८ अन्तर्गतका नवप्रवर्तनात्मक अनुसन्धान अनुदान(Innovation Research Grant-IRG) र उत्कृष्टता अनुसन्धान अनुदान (Excellence Research Grant-ERG) को प्राविधिक अनुसन्धान प्रस्तावको मूल्याङ्कन गर्ने प्रत्येक विशेषज्ञलाई प्रति अनुसन्धान प्रस्ताव रु. ५,८८३।- पारिश्रमिक उपलब्ध गराइनेछ ।

(ख) सबै खाले सहकार्यात्मक अनुसन्धान परियोजनाको प्रस्ताव मूल्यांकन हेतु मौखिक प्रस्तुतिकरण (Live Presentation) मा आमन्त्रित प्रत्येक विशेषज्ञलाई प्रति अनुसन्धान प्रस्ताव रु.२०००/- पारिश्रमिक उपलब्ध गराइने छ ।

(ग) सबै खाले सहकार्यात्मक अनुसन्धान परियोजनाको प्रगति प्रतिवेदन (Progress Report) मूल्यांकन गर्ने प्रत्येक विशेषज्ञलाई प्रति प्रगति प्रतिवेदन रु.२०००/- पारिश्रमिक उपलब्ध गराइने छ ।

(घ) कुनै सहकार्यात्मक अनुसन्धान परियोजनाको प्रगति प्रतिवेदन (Progress Report) को मूल्यांकन हुँदा प्रगति सन्तोष नदेखिएको अवस्थामा परिषदको कार्य समितिले त्यस्ता परियोजनाका सम्बन्धमा मौखिक प्रस्तुतिकरण (Live Presentation) आवश्यक सम्झेमा मौखिक प्रस्तुतिकरण (Live Presentation) मा आमन्त्रित प्रत्येक विशेषज्ञलाई प्रति अनुसन्धान प्रस्ताव रु.११७७/- पारिश्रमिक उपलब्ध गराइने छ ।

(ङ) सबै खाले सहकार्यात्मक अनुसन्धान परियोजनाको अन्तिम प्रतिवेदन (Final Report) मूल्यांकन गर्ने प्रत्येक विशेषज्ञलाई प्रति प्रतिवेदन रु.८२३६/- पारिश्रमिक उपलब्ध गराइने छ ।

(च) सबै खाले सहकार्यात्मक अनुसन्धान परियोजनाको अन्तिम प्रतिवेदन मूल्यांकन हेतु मौखिक प्रस्तुतिकरण (Live Presentation) मा आमन्त्रित प्रत्येक विशेषज्ञलाई प्रति अनुसन्धान प्रतिवेदन रु.२,०००/- पारिश्रमिक उपलब्ध गराइने छ ।

---

[१३] त्रि.वि. कार्यकारी परिषद्को मिति २०७९/५/३० को बैठकबाट संशोधन
[१४] त्रि.वि. कार्यकारी परिषद्को मिति २०७९/५/३० को बैठकबाट संशोधन
[१५] त्रि.वि. कार्यकारी परिषद्को मिति २०७९/६/९ को बैठकबाट संशोधन

(छ) अनुसन्धान प्रस्ताव मूल्याङ्कन तथा छनौट संयोजन समितिको वैठकमा उपस्थित सबै सदस्यहरुलाई नियमानुसारको बैठक भत्ताका अतिरिक्त आतेजाते यातायात खर्च वापत रु.२००० उपलब्ध गराइने छ ।

(ज) सबै खाले बैठकमा उपस्थित अध्यक्ष, सदस्य, आमन्त्रित व्यक्तिका साथै अध्यक्ष, सदस्य, आमन्त्रित व्यक्तिका चालक एवं खाजाको व्यवस्थापनमा जुटेका कर्मचारीहरुलाई समेत गरी प्रति व्यक्ति रु. १५० मा नबढ्ने गरी खाजामा खर्च गर्न सकिने छ ।

**२३. शोध प्रवन्ध परियोजना सञ्चालनमा गरिने सञ्चालन खर्च** देहाय बमोजिम हुने छः

(क) शोध प्रवन्ध परियोजना अन्तर्गत विद्यावारिधि शोधप्रस्ताव मूल्यांकन गर्ने प्रत्येक विशेषज्ञलाई प्रति प्रस्ताव रु.२०००/- पारिश्रमिक उपलब्ध गराइने छ ।

(ख) विद्यावारिधि शोधप्रस्ताव मूल्यांकन हेतु मौखिक प्रस्तुतिकरण (Live Presentation) मा आमन्त्रित प्रत्येक विशेषज्ञलाई प्रति प्रस्ताव रु.११७७/- पारिश्रमिक उपलब्ध गराइने छ ।

(ग) शोध प्रवन्ध परियोजना अन्तर्गत विद्यावारिधि शोध कार्यको प्रगति प्रतिवेदन (Progress Report) मूल्यांकन गर्ने प्रत्येक विशेषज्ञलाई प्रति प्रगति प्रतिवेदन रु.११७७/- पारिश्रमिक उपलब्ध गराइने छ ।

(घ) शोध प्रवन्ध परियोजना अन्तर्गत विद्यावारिधि शोध कार्यको प्रगति प्रतिवेदन (Progress Report) मूल्यांकन गर्ने सन्दर्भमा मौखिक प्रस्तुतिकरण (Live Presentation) को व्यवस्था भएको अवस्थामा प्रत्येक विशेषज्ञलाई प्रति प्रगति प्रतिवेदन रु.११७७/- पारिश्रमिक उपलब्ध गराइने छ ।

(ङ) शोध प्रवन्ध परियोजना अन्तर्गत एम.फिल.(M.Phil.) र स्नातकोत्तर तहका शोधप्रस्ताव मूल्यांकन गर्ने प्रत्येक विशेषज्ञलाई प्रति प्रस्ताव रु.११७७ पारिश्रमिक उपलब्ध गराइने छ ।

(च) एम.फिल. (M.Phil.) र स्नातकोत्तर तहका शोधप्रस्ताव मूल्यांकन हेतु मौखिक प्रस्तुतिकरण (Live Presentation) मा आमन्त्रित प्रत्येक विशेषज्ञलाई प्रति प्रस्ताव रु.११७७/- पारिश्रमिक उपलब्ध गराइने छ ।

(छ) शोध प्रवन्ध परियोजना अन्तर्गत एम.फिल.(M.Phil.) र स्नातकोत्तर तहका शोध कार्यको प्रगति प्रतिवेदन (Progress Report) मूल्यांकन गर्ने प्रत्येक विशेषज्ञलाई प्रति प्रगति प्रतिवेदन रु.११७७/- पारिश्रमिक उपलब्ध गराइने छ ।

## परिच्छेद ७

## त्रिभुवन विश्वविद्यालय जर्नल तथा अन्य प्रकाशन सम्बन्धी व्यवस्था

**२४. त्रिभुवन विश्वविद्यालय जर्नल (Tribhuvan University Journal) प्रकाशन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः**

(क) जर्नल वर्षको सामान्यतः दुईपटक प्रकाशित गरिनेछ ।

(ख) जर्नलमा विश्वविद्यालयका शिक्षक कर्मचारीहरुका मौलिक तथा अनुसन्धानात्मक लेखहरु सम्पादक मण्डलले स्वीकृत गरे अनुसार प्रकाशित गरिने छन् । सम्पादक मण्डलले उपयुक्त ठानेमा अन्य विशिष्ट विद्वान्हरुका लेखहरु पनि प्रकाशित गर्न सक्नेछ ।

(ग) जर्नलको प्रकाशनका सन्दर्भमा ५ जना सदस्य रहेको एक सम्पादक मण्डलमा रहनेछ जसमध्ये शिक्षाध्यक्ष अध्यक्ष तथा अनुसन्धान निर्देशनालयका निर्देशक कार्यकारी सम्पादक रहने गरी शिक्षाध्यक्षले मनोनित गरेका अन्य तीनजना प्राध्यापकहरु सदस्य रहने छन् । मनोनित सदस्यहरुको पदावधि २ वर्षको हुनेछ । शिक्षाध्यक्षले आवश्यक ठानेमा व्यवस्थापकीय सम्पादक (Managing Editor) वा सहायक सम्पादक (Assistant Editor) को समेत व्यवस्था गर्न सक्नेछ ।

(घ) जर्नलको सम्पादन गर्ने, लेख स्वीकृत गर्ने, जर्नलको कूल लागत तोक्ने तथा जर्नलको बिक्री मूल्य निर्धारण गर्ने अधिकार सम्पादक मण्डललाई हुनेछ। सम्पादक मण्डलले प्रत्येक लेख मूल्याङ्कनका लागि दुइजना विशेषज्ञ तोक्नेछ।

(ङ) जर्नलको सम्पादक मण्डलको बैठकमा उपस्थित अध्यक्ष, सदस्य र आमन्त्रित व्यक्तिलाई प्रति बैठक त्रि.वि. नियमानुसार बैठक भत्ता प्रदान गरिनेछ। तर यो बैठक संख्या प्रति जर्नल अङ्क दश भन्दा बढी हुने छैन।

(च) जर्नलमा प्रकाशित भएको लेखवापत कुनै पारिश्रमिक उपलब्ध गराइने छैन। तर विशेष अवसरमा जर्नलको Sepcial Issue प्रकाशित गर्नु परेको अवस्थामा सम्पादक मण्डलले बिशेष अनुरोध गरी कुनै विशेषज्ञसँग विशेष प्रकारको लेख माग गरेको अवस्थामा त्यस्तो लेखलाई सम्पादक मण्डलले निर्णय गरी रु. २०००।- देखि बढीमा रु. ५०००।- सम्म पारिश्रमिक दिन सक्नेछ।

(छ) जर्नलमा प्रकाशनार्थ प्राप्त भएका लेखहरु मूल्याङ्कन गराउँदा प्रत्येक मूल्याङ्कनकर्तालाई प्रति लेख रु. १,७६५ का दरले पारिश्रमिक प्रदान गरिनेछ।

(ज) जर्नलमा प्रकाशित हुने अंग्रेजी र नेपाली भाषाका लेखहरुको भाषा सम्पादन गरेवापत कामको प्रकृति र लागेको समयको अवस्थाको मूल्यांकन गरी सम्पादक मण्डलको सिफारिसमा प्रति तयारी पृष्ठ रु.१०० देखि रु.२०० सम्म पारिश्रमिक प्रदान गरिने छ।

(झ) जर्नलमा प्रकाशित लेखहरुको प्रुफ रिडिङ गर्ने व्यक्तिलाई प्रति पेज रु. ५०।- का दरले पारिश्रमिक प्रदान गरिनेछ।

(ञ) प्राप्त भएका लेखहरुको कम्प्यूटर टाइप लेआउट लगायत जर्नलको स्थापित ढाँचा र नियमानुसार फरम्याट मिलाउने कार्य गर्ने व्यक्तिलाई कामको प्रकृति र लागेको समयको अवस्थाको मूल्यांकन गरी सम्पादक मण्डलको सिफारिसमा प्रति जर्नल अंक रु.५००० देखि रु.१० हजारसम्म पारिश्रमिक प्रदान गरिने छ।

(ट) प्राप्त भएका लेखहरुलाई विश्वव्यापीरकण (Online) गर्न DOI No. generation गर्ने व्यक्तिलाई आवश्यकता अनुसार अतिरिक्त समय काम गरे वापतको पारिश्रमिक प्रदान गरिनेछ।

(ठ) त्रि.वि.जर्नल त्रिभुवन विश्वविद्यालयको बिक्री भण्डारमा वा अन्य तोकिएको बिक्रेतालाई बिक्रीका निमित्त पठाइनेछ तर निम्नलिखित व्यक्ति वा निकायहरुमा भने अन्य व्यवस्था भएमा बाहेक निःशुल्क वा सहुलियत दरमा वितरण गर्न सकिने छ।

(अ) विश्वविद्यालयका सम्पूर्ण निकायहरु

(आ) विश्वविद्यालयसँग सम्बद्ध भएका देश बाहिरका संघ संस्थाहरु

(इ) देशभित्रका प्रसिद्ध पुस्तकालय र अनुसन्धान केन्द्रहरु

(ई) सम्पादक मण्डलले तोकेका अन्य व्यक्तिहरु

**२५ अनुसन्धान समाचार (रिसर्च बुलेटिन) प्रकाशन सम्बन्धी कार्य व्यवस्था**

(क) त्रिभुवन विश्वविद्यालय अन्तर्गत सञ्चालित अनुसन्धान कार्यहरु तथा बाहिरका अनुसन्धान संस्थाहरुबाट संचालित अनुसन्धान कार्यहरुको समेत सूचना विवरण तयार पारी सामान्यतः प्रत्येक तीन तीन महिनामा रिसर्च बुलेटिन प्रकाशित गरिनेछ।

(ख) रिसर्च बुलेटिन निःशुल्क वा सहुलियत दरमा वा अन्य तोकिएको रकममा समेत विकी वितरण गर्न सकिनेछ।

(ग) रिसर्च बुलेटिनको सम्पादन गर्न अनुसन्धान निर्देशनालयका निर्देशक, प्रधान सम्पादक (Editor-In-Chief) तथा निजले तोकेको एक शिक्षक कार्यकारी सम्पादक रहनेछन्।

(घ) कार्यकारी सम्पादकलाई प्रत्येक बुलेटिन प्रकाशित भइसकेपछि सामग्री सङ्कलन र सम्पादन गरेवापत एकमुष्ट रु. २,०००।- पारिश्रमिक प्रदान गरिनेछ ।

**२६ अन्य प्रकाशन सम्बन्धी कार्य व्यवस्था**

(क) अनुसन्धान निर्देशनालयले प्रायोजन गरेका अनुसन्धान परियोजना अन्तर्गतका अनुसन्धान प्रतिवेदनहरुमध्ये विश्वविद्यालयको शैक्षिक कार्यक्रमको लागि उपयोगी हुनसक्ने महत्वपूर्ण अनुसन्धान प्रतिवेदनहरु वा अन्य महत्वपूर्ण ग्रन्थहरु प्रकाशित गरी बिक्री वितरण गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

## परिच्छेद ८

## अनुसन्धान सम्बन्धी गोष्ठी, सभा, तालिम आदि सञ्चालन गर्ने कार्यव्यवस्था

२७ उच्च शिक्षामा संलग्न शिक्षक र अन्य सम्बन्धित व्यक्तिहरुको लागि अनुसन्धान प्रविधि तथा अनुसन्धानका विविध पक्षहरु वारेमा आवश्यक ज्ञान दिलाउन आवश्यकता अनुसार विभिन्न स्थान वा निकायमा गोष्ठी, कार्यशाला तथा तालिम आदिको व्यवस्था गर्न सकिने छ ।

२८ राष्ट्रिय तथा अन्तराष्ट्रिय वा विश्वविद्यालय अनुसन्धानको लागि आवश्यक सभा गोष्ठी तथा छलफलको कार्यक्रमहरु आयोजना गर्न सकिने छ ।

२९ सभा गोष्ठी, कार्यशाला, तालिम आदिको लागि मनोनित प्रशिक्षक तथा विशेषज्ञहरुलाई दिइने पारिश्रमिक तथा भ्रमण भत्ता तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ९

## विविध

**३०. खारेजी र बचाउ :** (१) त्रि वि कार्यकारी परिषदबाट पारित भई लागू भएको “त्रिभुवन विश्वविद्यालय अनुसन्धान महाशाखा सम्बन्धी कार्यव्यवस्थापन प्रणाली, २०५२” र त्रि वि कार्यकारी परिषदबाट मिति २०७२/२/१ मा पारित भई लागू भएको अनुसन्धान महाशाखालाई अनुसन्धान केन्द्र नामाकरण गरिएको लगायत अनुसन्धान महाशाखा/केन्द्रसम्बन्धी सबै पूर्व निर्णयहरु खारेज गरिएको छ ।

३१ त्रि वि कार्यकारी परिषदबाट पारित भई लागू भएको “त्रिभुवन विश्वविद्यालय अनुसन्धान महाशाखा सम्बन्धी कार्यव्यवस्थापन प्रणाली, २०५२” बमोजिम भए गरेका सबै काम कारवाही यसै विनियम बमोजिम भए गरेको मानिनेछ ।

**३२ व्याख्या र बाधा अडकाउ फुकाउने व्यवस्था :** यस विनियममा उल्लेख गरिएका प्रसंगहरुको कार्यान्वयन गर्ने सम्बन्धमा अस्पष्टता भएमा विश्वविद्यालयको अनुसन्धान सम्बन्धी नीति र उद्देश्यमा असर नपर्ने गरी व्याख्या गर्ने अधिकार अनुसन्धान समन्वय तथा विकास परिषदको कार्य समितिलाई हुनेछ तर यसरी ब्याख्या गर्दा नीति र उद्देश्यमा असर पर्ने भएमा वा थप व्यवस्था गर्नु पर्ने भएमा कार्यकारी परिषद समक्ष पेश गर्नु पर्ने छ ।

..........................................